# संस्कृत र नेपाली सन्धिको तुलना

**प्रेमप्रसाद चौलागाईं**

chaulagainprem999@gmail.com

**अध्ययनसार**

*प्रस्तुत लेख संस्कृत र नेपाली सन्धिको तुलनात्मक अध्ययनमा केन्द्रित छ। यसैले यस लेखमा सन्धिको सैद्धान्तिक आधार तयार पारी उक्त सैद्धान्तिक आधारले निर्देश गरेअनुसार संस्कृत र नेपाली सन्धिका वैशिष्ट्य प्रस्तुत गर्नुका साथै तिनको तुलना गरी प्राप्त भएको निचोड प्रस्तुत गरिएको छ। विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरी सन्धिप्रक्रियासँग सम्बद्ध परिवेश, ध्वनिपरिवर्तन, संरचना र क्षेत्रका आधारमा संस्कृत र नेपाली सन्धिको तुलना गर्दा प्राप्त भएको मुख्य निष्कर्ष के हो भने सन्धि दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तन हो। दुई भाषिक एकाइको संयोजन हुँदा पनि परिवर्तन नहुने स्थिति चाहिँ प्रकृतिभाव हो। सन्धि सबै भाषामा पाइने हुँदा सार्वभौम प्रकृतिको भए पनि भाषिक एकाइहरू सबै भाषामा समान किसिमका नहुने भएकाले यिनको संयोजनमा घटित हुने सन्धि पनि मूलतः भाषाविशिष्ट व्यवस्था हो। यसैले संस्कृत र नेपाली सन्धिमा समानता हुँदाहुँदै पनि पर्याप्त भिन्नता पनि छ। संस्कृत र नेपाली दुवैमा ध्वन्यात्मक र रूपात्मक परिवेशमा आधारमा सन्धिव्यवस्था घटित हुन्छ। ध्वन्यात्मक परिवेशमध्ये 'अघिको परिवेशको नियमन प्रक्रिया र 'पछिको परिवेशको नियमन प्रक्रिया' पनि दुवै भाषामा पाइन्छन् तर 'संयुक्त परिवेशको नियमन प्रक्रिया' चाहिँ संस्कृत भाषामा मात्र लागु हुन्छ। रूपात्मक परिवेश चाहिँ संस्कृत र नेपाली दुवै भाषामा पाइन्छ। दुई भाषिक एकाइको संयोजन हुँदा आदेश, लोप, आगम र परिवर्तन दुवै भाषामा हुने गर्दछ र कतिपय स्थितिमा परिवर्तन नभएका वा प्रकृतिभावका उदाहरण पनि दुवै भाषामा पाइन्छन्। संस्कृत र नेपाली दुवैमा व्युत्पादन र रूपायननिष्ठ सन्धि पाइन्छन्। संस्कृत र नेपाली दुवैमा आन्तरिक सन्धिका उदाहरण पर्याप्त मात्रामा पाइए पनि बाह्य सन्धिका उदाहरण भने संस्कृतमा अत्यधिक मात्रामा पाइन्छन् भने नेपाली अत्यन्त न्यून मात्रामा मात्र उपलब्ध छन्। धेरै पक्षमा समानता हुँदाहुँदै पनि परिवेशअन्तर्गतको 'संयुक्त परिवेशको नियमन प्रक्रिया' र बाह्य सन्धि (दुई पदका बिच हुने सन्धि) का कारण संस्कृत र नेपाली सन्धि भिन्न छन् भन्ने यस लेखको निचोड हो। संस्कृतलाई जटिल र विशिष्ट भाषा बनाउनुमा पनि बाह्य सन्धिकै विशिष्ट भूमिका छ।*

**प्रमुख शब्दावली** : संहिता, परिवेश, ध्वनिपरिवर्तन, प्रकृतिभाव, संरचना, क्षेत्र।

## विषयपरिचय

सन्धिको सामान्य अर्थ मेल वा सम्झौता भए पनि भाषाव्याकरणका सन्दर्भमा भने यसले दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तनलाई बुझाएको छ। सबै भाषामा भाषिक एकाइको संयोजन हुने भएकाले यो सबै भाषामा पाइने भए पनि भाषिक एकाइहरू सबै भाषामा समान किसिमका नहुने भएकाले यिनको संयोजनमा घटित हुने सन्धिलाई पनि भाषा विशिष्ट व्यवस्थाका रूपमा लिनुपर्ने हुन्छ। भाषा विशिष्ट व्यवस्थाकै रूपमा संस्कृत र नेपाली व्याकरण परम्परामा सन्धिको अध्ययन भएको छ। संस्कृतमा सन्धि व्यवस्थाको व्यवस्थित अध्ययन भएको कृति पाणिनीय व्याकरण हो। यसकै आधारमा नेपालीमा तत्सम शब्दनिष्ठ सन्धि व्यवस्थाको अध्ययन गर्न सकिन्छ र भएको पनि छ। नेपालीका अधिकांश अध्ययनमा तत्सम शब्दको उदाहरण दिएर संस्कृत सन्धि व्यवस्थाका आधारमा नेपाली सन्धिको अध्ययन भएको छ।

❋ **लेखक त्रिविअन्तर्गत त्रिचन्द्र बहुमुखी क्याम्पसमा कार्यरत हुनुहुन्छ।**

नेपालीका तद्भव र ठेट शब्दको उदाहरण दिएर नेपाली सन्धि व्यवस्थाका कतिपय पक्षको अध्ययन भने गौतम (२०५४), पोखरेल (२०५५, २०५७) र चौलागाईं (२०५९) मा भएको छ। गौतम (२०५४) मा संरचनात्मक, अर्थतात्त्विक, कोटिगत, प्रभावगत र संयोजनगत आधारमा नेपाली सन्धिको चर्चा गरिएको छ। पोखरेल (२०५५ र ५७ ) मा सन्धिको सैद्धान्तिक चर्चा गरी नेपालीका स्वर सन्धि र व्यञ्जन सन्धिको सोदाहरण व्याख्या गरिएको छ। यस अध्ययनमा परिस्थितिका आधारमा नेपाली सन्धिलाई वर्ण सन्धि र अक्षर सन्धि, क्षेत्रका आधारमा आन्तरिक सन्धि र बाह्य सन्धि तथा ध्वनि परिवर्तनका आधारमा लोप, आगम, वर्णविकार, विलोम र प्रकृतिभाव गरी पाँच प्रकारमा वर्गीकरण गरिएको छ। चौलागाई (२०५९) मा सैद्धान्तिक आधार दिई संरचना, संयोजन, अर्थतत्त्व र कोटिगत आधारमा नेपाली सन्धि व्यवस्थाको विश्लेषण गरिएको छ।  यसैले भाषा विशिष्ट व्यवस्थाको रूपमा संस्कृत सन्धि र नेपाली सन्धि व्यवस्थाको अध्ययन गरिए पनि सन्धि प्रक्रियासँग सम्बद्ध परिवेश, ध्वनिपरिवर्तन, संरचना र क्षेत्रलाई समेटी  सन्धिको सैद्धान्तिक आधार भने तयार पारिएको छैन। यसैले प्रस्तुत लेख सन्धि व्यवस्थाको सैद्धान्तिक आधार तयार पारी उक्त सिद्धान्तले निर्देश गरेअनुसार संस्कृत र नेपाली सन्धिका वैशिष्ट्य के के हुन् र यी दुई सन्धि परिवेश, ध्वनि परिवर्तन, संरचना र क्षेत्रमध्ये कुन कुन आधारमा भिन्न छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ।

प्रस्तुत लेखमा सामग्री सङ्कलनका लागि मुख्यतः पुस्तकालय विधिको उपयोग गरिएको छ। सैद्धान्तिक आधारलाई स्पष्ट पार्नका लागि पाणिनीय व्याकरण र आधुनिक भाषाविज्ञानलाई आधार बनाइएको छ भने सन्धिसम्बद्ध उदाहरण भने संस्कृत र नेपाली भाषाबाट लिइएको छ। प्रस्तुत लेख संस्कृत र नेपाली सन्धिको वैशिष्ट्यको विश्लेषणका साथै तिनका बिचको भिन्नताको निरूपणमा केन्द्रित भएकाले सैद्धान्तिक अवधारणाको विवेचनाका लागि वर्णनात्मक विधिको र संस्कृत सन्धि र नेपाली सन्धिका बिचको भिन्नताको निरूपणका लागि तुलनात्मक विधिको उपयोग गरिएको छ। प्रस्तुत लेखमा सन्धिप्रक्रियासँग सम्बद्ध परिवेश, ध्वनिपरिवर्तन, संरचना र क्षेत्रका आधारमा मात्र संस्कृत र नेपाली सन्धिको तुलना गरिएको छ।

**सन्धिसम्बन्धी सैद्धान्तिक आधार**

सन्धि शब्द 'सम्' उपसर्ग भएको धारणार्थक 'धा' धातुमा इ (कि) प्रत्यय लागेर बनेको हो (अष्टाध्यायी ३।३।९२)। यसको सामान्य अर्थ मेल वा सम्झौता भए पनि भाषाका सन्दर्भमा भने यसले दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तनलाई बुझाएको छ तर कतिपय स्थितिमा ध्वनितात्त्विक परिवर्तन नभई सन्निकर्ष मात्र हुन्छ। यसलाई प्रकृतिभाव अर्थात् संयोजन मात्र भएको वा ध्वनितात्त्विक परिवर्तन नभएको अवस्थाका रूपमा लिइएको छ (*अष्टाध्यायी* ६।१।१२५) नेपाली वैयाकरण पण्डित ( १९६९, पृ.३६६) र सिग्द्याल (२०२१, पृ.२८) ले दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तन र नहुने स्थितिलाई प्रकृतिभावकै संज्ञा दिएका छन्। अङ्ग्रेजीमा सन्धिलाई बुझाउने जङ्चर (juncture) र मर्फोफोनोलजी (morpho-honology) गरी दुई शब्द प्रचलित छन्। जङ्चर दुई रूपका बिचमा संयोग हुँदा साथै वा सँगसँगै रहेका ध्वनिमध्ये कुनै एक वा एकभन्दा बढी ध्वनिका बिचमा हुने

विकार वा परिवर्तन हो। यसमा ध्वनितात्त्विक परिवेशलाई लिने गरिन्छ। मर्फोफोनोलजी चाहिँ दुई रूपका बिचको संयोगका कारणबाट सँगै रहेका र नरहेका ध्वनिहरूको विकार वा परिवर्तन हो। भाषाविद् हकेट इ. १९७१, (पृ.२७७) ले मर्फोफोनोलजी र जङ्चर शब्दको प्रयोग नगरी सन्धि शब्दको नै प्रयोग गरेका छन्। यसर्थ सन्धि भनेको दुई रूपका बिचमा संयोग हुँदा साथै वा सँगसँगै रहेका ध्वनिहरूमध्ये कुनै एक वा एकभन्दा बढी ध्वनिहरूका बिचमा हुने परिवर्तन वा परिवर्तन नभई संयोजन भएको स्थिति पनि हो भन्ने बुझिन्छ। सन्धिमा ध्वनिमा परिवर्तन ल्याउने कार्यमा परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यी परिवेश ध्वन्यात्मक र रूपात्मक गरी दुई प्रकारका छन् :

**(क) ध्वन्यात्मक परिवेश**

ध्वन्यात्मक परिवेशबाट केही ध्वनिहरू त्यसका निकटवर्ती अन्य ध्वनिबाट प्रभावित हुन्छन् अर्थात् यस्तो प्रभावको ध्वनितात्त्विक दृष्टिले विश्लेषण गर्न सकिन्छ (अष्टाध्यायी ६।१।७७), (हकेट, इ. १९५८, पृ. २७७-८१)। यसमा ध्वनिको परिवेशलाई –र सङ्केत दिएर देखाइन्छ। कुनै ध्वनि खास कुनै ध्वनिको अघि आउँदा, पछि आउँदा वा कुनै ध्वनिहरूको बिचमा आउँदा परिवर्तित हुन्छ। यस आधारमा परिवर्तित हुने ध्वनिका मुख्य तीन भिन्न भिन्न परिवेशहरू हुन्छन्। ती तीनै परिवेशमा ध्वनिको परिवर्तनलाई भिन्न भिन्न ढङ्गमा देखाउने गरिन्छ।

**(अ) अघिको परिवेशको नियमन प्रक्रिया**

दुई ध्वनिमध्ये अघि आउने ध्वनिको परिवेशलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

१. $x \rightarrow y$ —— / [— z]

यस नियमको अर्थ z भन्दा अघि आएको x ध्वनि y ध्वनिमा परिवर्तित हुन्छ भन्ने हो। यस अनुसार z चाहिँ सन्दर्भ वा परिवेश हो। x को ठाउँ z भन्दा पूर्व वा अगाडि हो भन्ने कुरा z भन्दा पूर्व वा अगाडि आएको तेर्सो धर्को (–) बाट बुझिन्छ। यस प्रक्रियालाई अष्टाध्यायीको निम्नलिखित सूत्रबाट स्पष्ट पार्न सकिन्छ :

२. इको यणचि (६। १। ७७)

अर्थ- इक् →यण्—— /[—अच्]

इक् इ, उ, ऋ, लृ →यण् य्, ल्, र्, व्—— /र[अच् अ, आ, इ, ऊ, ऋ, लृ, ए, ऐ, ओ, औ]

माथिको सूत्रअनुसार दुई भाषिक ध्वनिको संयोजन हुँदा इ, उ, ऋ, लृ ध्वनिहरू तिनीहरूभन्दा पछाडि अ, आ, इ, ऊ, ऋ, लृ, ए, ऐ, ओ, औ ध्वनिहरू भएको अवस्थामा य्, व्, र्, ल् ध्वनिहरूमा परिवर्तित हुन्छन्। यसरी परिवर्तित हुँदा उच्चारण स्थानका आधारमा हुन्छन् भनी सूत्रलाई नियमन गरिएको छ। यसअनुसार पहिले इ, उ, ऋ लृ तथा य्, व्, र् ल् को उच्चारण स्थान पहिल्याउनुपर्ने हुन्छ। पाणिनीय व्याकरणका अनुसार यिनीहरूको उच्चारण स्थान निम्नानुसार छ :

| ३. | **ध्वनि** | **उच्चारण स्थान** |
|---|---|---|
| | इ, य् | तालु |
| | उ, व् | ओष्ठ |
| | ऋ, र् | मूर्धा |

लृ, ल्     दन्त

यी ध्वनिको उच्चारण स्थानका आधारमा माथिको 'इको यणचि' सूत्रको अर्थ निम्नानुसार हुन्छ :

४.  (क)  इ → य्—— /[अ, आ, इ, ऊ, ॠ, लृ, ए, ऐ, ओ, औ]

(ख)  उ → व् —— /[अ, आ, इ, ऊ, ॠ, लृ, ए, ऐ, ओ, औ]

(ग)  ऋ → र्—— /[अ, आ, इ, ऊ, ॠ, लृ, ए, ऐ, ओ, औ]

(घ)  लृ → ल्—— /[अ, आ, इ, ऊ, ॠ, लृ, ए, ऐ, ओ, औ]

उदाहरणहरू यसप्रकार छन् :

| | | | |
|---|---|---|---|
| (क) देवी + उवाच<br>देव् ई + उवाच<br>देव् य् उवाच<br>देव्युवाच | (ख) सु + आगतम्<br>सु उ + आगतम्<br>स् व् आगतम्<br>स्वागतम् | (ग) पितृ + आज्ञा<br>पि त् ऋ + आज्ञा<br>पित् र् आज्ञा<br>पित्राज्ञा | (घ) लृ + आकृति<br>लृ + आकृति<br>ल् आकृति<br>लाकृति |

तालिका १. यण् सन्धिका उदाहरण

सूत्र २.अनुसार उदाहरण (क-घ) मा दुई भाषिक ध्वनिको संयोजन हुँदा 'इ', 'उ', 'ऋ' र 'लृ' ध्वनिहरू 'य्', 'व्', 'र्', 'ल्' ध्वनिहरूमा परिवर्तित भएका छन्। स्वागतम्, पित्राज्ञा र लाकृतिमा एउटै पदभित्र सन्धि भएकाकाले आन्तरिक सन्धिका उदाहरण हुन् भने देव्युवाच चाहिँ दुई पदका बिच भएकाले बाह्य सन्धिका उदाहरण हुन्। पोखरेल (२०५७, पृ.१३५) मा एउटा शब्द वा रूपिमभित्र पाइने वर्णहरूको नियम र व्यवस्थालाई आन्तरिक सन्धि र दुई शब्द वा रूपिम जोडिँदा कुनै वर्णका उच्चारणमा हुने भेदलाई बाह्य सन्धि भनिएको छ। प्रस्तुत अध्ययनमा भने गौतम (२०५४) मा उल्लेख भएझैँ एउटै पदभित्र हुने सन्धिलाई आन्तरिक सन्धि पदबाहिर वा दुई पदका बिच हुने सन्धिलाई बाह्य सन्धि भनिएको छ। नेपालीको निम्नलिखित उदाहरण पनि 'अघिको परिवेशको नियमन प्रक्रियाबाट बनेको हो :

५. ठुली + आमा

ठुल् इ आमा

ठुल् य् आमा

ठुल्यामा

यहाँ स्वर वर्ण पर भएकाले 'इ' का स्थानमा 'य्' प्रतिस्थापित भई ठुल्यामा शब्द बनेको छ।

**(आ) पछिको परिवेशको नियमन प्रक्रिया**

दुई ध्वनिमध्ये पछाडि आउने ध्वनिको परिवेशलाई निम्नानुसार प्रस्तुत गरिन्छः

६. x →   y   —— / [z— ]

यसमा परिवर्तित हुने ध्वनि x हो भने परिवर्तित भएको ध्वनि y हो तर सबै स्थितिमा x ध्वनि y ध्वनिमा परिवर्तित हुन सक्दैन, z ध्वनिभन्दा पछिल्तिर आएको x ध्वनि मात्र y ध्वनिमा परिवर्तित हुन सक्छ। यसलाई

z का पछि आएको तेर्सो धर्को(–) ले बुझाएको छ, । यस प्रक्रियालाई *अष्टाध्यायी*को निम्नलिखित सूत्रबाट स्पष्ट पार्न सकिन्छ :

७. सूत्र - झयो होऽन्यतरस्याम् (८। ४। ६२)

अर्थ ह्→ध् –/[द्—]

माथिको सूत्रमा आएको ह् भनेको x हो र ध् भनेको y हो। द्– भनेको z—हो।

यसअनुसार द् भन्दा पछि आएको ह् ध्वनि ध् मा परिवर्तित हुन्छ भन्ने हो, जस्तै :

८. तद् + हित

तद् ह्इ त

तद् ध् इ त

तद्धित

यस उदाहरणमा 'द्' भन्दा पछि आएको ह् ध्वनि ध् मा परिवर्तित भएको छ। नेपालीमा निम्नलिखित सूत्रबाट यसलाई स्पष्ट पार्न सकिन्छ :

९. त्→द् –र [घोष–]

यस सूत्रका अनुसार घोष ध्वनिपछि आएको 'त्' ध्वनि 'द्' ध्वनिमा परिवर्तित हुन्छ, जस्तै

१०. पढ् + तै

पढ् त् ऐ

पढ् द् ऐ

पढ्दै

यस उदाहरणमा 'ढ्' घोष ध्वनि भएकाले त्यसभन्दा पछि आएको अघोष 'त' ध्वनि पनि घोष 'द' ध्वनिमा परिवर्तित भएको छ।

**(इ) संयुक्त परिवेशको नियमन प्रक्रिया**

परिवर्तन हुने दुई ध्वनिको परिवेशलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

११.x + y = z

यस नियमले x ध्वनि र y ध्वनि एकै ठाउँमा आएमा दुवै ध्वनि z ध्वनिमा परिवर्तित हुन्छन् भन्ने कुरालाई बुझाएको छ। यसमा x र yका बिचमा रहेको + चिह्नले ध्वनिपरिवर्तनका क्रममा ती दुई ध्वनिहरू संयुक्त हुने कुरालाई देखाएको छ। यस प्रक्रियालाई अष्टाध्यायीको निम्नलिखित सूत्रबाट स्पष्ट पार्न सकिन्छ :

१२. आद् गुणः (६। १। ८७)

अर्थ- अवर्ण + अच् → गुण

अवर्ण $^{\text{अ/आ}}$ + अच् $^{\text{अ, आ, इ, ऊ ऋ, लृ, ए, ऐ, ओ, औ}}$ → गुण $^{\text{अ(र्/ ल्) ए ओ}}$

माथिको सूत्रमा आएको अवर्ण भनेको x हो र अच् भनेको भनेको y हो।

माथिको सूत्रअनुसार दुई भाषिक ध्वनिको संयोजन हुँदा अघिल्तिर 'अ' र 'आ'मध्ये कुनै एक तथा पछिल्तिर अ, आ, इ, ऊ, ऋ, लृ, ए, ऐ, ओ, औ मध्ये कुनै एक ध्वनि भएको अवस्थामा अघिल्तिर र पछिल्तिर दुवै ध्वनिका स्थानमा उच्चारण स्थानले निर्देश गरेअनुरूप अ (र्/ल्), ए, ओ ध्वनिहरू मध्ये कुनै एक स्थानापन्न हुन्छन् । यसअनुसार पहिले अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, लृ, ए, ऐ, ओ, औ अ(र् /ल्) को उच्चारण स्थान पहिल्याउनुपर्ने हुन्छ। पाणिनीय व्याकरणअनुसार यिनीहरूको उच्चारण स्थान निम्नानुसार रहेको छ :

| १३. | **ध्वनि** | **उच्चारण स्थान** |
|---|---|---|
| | अ, आ | कण्ठ |
| | इ, ई | तालु |
| | उ, ऊ | ओष्ठ |
| | ऋ, ॠ | मूर्धा |
| | लृ | दन्त |
| | ए, ऐ | कण्ठ तालु |
| | ओ, औ | कण्ठ ओष्ठ |
| | अ (र्) | कण्ठ मूर्धा |
| | अ (ल्) | कण्ठ दन्त |

यी ध्वनिको उच्चारण स्थानका आधारमा माथिको 'आद् गुणः' सूत्रको अर्थ निम्नानुसार हुन्छ :

१४. (क) अ/आ + इ/ई → ए

(ख) अ/आ + उ/ऊ → ओ

(ग) अ/ आ + ऋ/ॠ → अ (र्)

(घ) अ/आ + लृ → अ (ल्)

| | | | | |
|---|---|---|---|---|
| (क) सुर + इन्द्र | (ख) रमा + ईश | (ग) पर + उपकार | (घ) महा + उदय | (ङ) सप्त + ऋषि |
| सुर् अ + इन्द्र | रम् आ + ईश | पर् अ + उपकार | मह् आ + उदय | सप्त् अ + ऋषि |
| सुर् ए न्द्र | रम् ए श | पर् ओ पकार | मह् ओदय | सप्त् अर् षि |
| सुरेन्द्र | रमेश | परोपकार | महोदय | सप्तर्षि |

तालिका २ गुण सन्धिका उदाहरण

सूत्र १२.अनुसार उदाहरण (क-ङ.) मा दुई भाषिक ध्वनिको संयोजन हुँदा अ इ तथा आ ई ध्वनि ए, अ उ तथा आ उ ओ, अ ऋ अर्मा परिवर्तित भएका छन् । क्षेत्रका आधारमा भन्दा तालिकाका सबै उदाहरण एउटै पदका रूपमा रहेकाले यी आन्तरिक सन्धिका उदाहरण हुन् भने संरचनाका आधारमा भन्दा यी सबै व्युत्पन्न शब्दका रूपमा रहेकाले व्युत्पादनिष्ठ सन्धिका उदाहरण हुन् ।

**(ख) रूपात्मक परिवेश**

रूपात्मक परिवेशमा वितरित संरूपहरू निकटवर्ती ध्वनिबाट प्रभावित नभई कोशीय या व्याकरणिक अर्थबाट प्रभावित हुन्छन् । अतः यिनीहरूको विश्लेषण ध्वनितात्त्विक दृष्टिले नभई रूपतात्त्विक दृष्टिले मात्र सम्भव छ। कतिपय संरूपहरूको निर्धारण ध्वनितात्त्विक परिवेशका आधारमा नभई रूपतात्त्विक परिवेशका आधारमा मात्र व्याख्या गर्न सकिन्छ (हकेट, इ. १९७०, पृ.:२७७-८१) । संस्कृत र नेपालीका निम्नलिखित उदाहरणहरू रूपतात्त्विक परिवेशमा वितरित संरूप हुन् :

१५ गम्
- (गम्) /अन (ल्युट्) . गमन
- (ग) /ति (क्तिन्) . गति
- (गच्छ्) /अत् (शतृ) . गच्छन्
- (जिगम्) /(इ) स (सन्,) . जिगमिषा

१६ हु
- (हुन्) /छ . हुन्छ
- (हो)/ला . होला
- (भ) /यो . भयो
- (हुँ) /दै . हुँदै

उदाहरण १५.मा संस्कृतमा एउटै 'गम्' रूप गम्, ग, गच्छ, जिगममा परिवर्तित भएको छ भने उदाहरण १६. मा नेपालीको 'हु' हुन्, हो, भ र हुँ मा परिवर्तित भएको छ।

भाषाविद् हकेटले ध्वनितात्त्विक र रूपतात्त्विक परिवेशलाई समेट्ने गरी सन्धिलाई नियमित र अनियमित (regular and irregular) एवम् स्वचालित र अस्वचालित (automatic and nonautomatic) गरी चार प्रकारमा वर्गीकरण गरेका छन् भने ध्वनिपरिवर्तनको क्षेत्रलाई समेट्नका लागि चाहिँ सन्धिलाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् (हकेट, इ. १९७०, पृ.२७७-८१) । उनले यी सन्धिलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पारेका छन् :

| **संहिता** | **सन्धि** | **प्रकार** |
|---|---|---|
| (क)ac + knoledge | æknálij (acknoledge) | आन्तरिक |
| (ख)He+is going to find +her | He'is going to find'er | बाह्य |
| (ग)Ihkwewa mina + sekakwa.<br>(the women and  the skunk)<br>(घ)Ihkwewa mina + anemoha. (the women and the dog) | Ihkwewa mina sekakwa.<br>Ihkwewa min anemoha. | स्वचालित |
| (ङ)pja+te (If he comes)<br>(च)pja+çi ((that he comes) | pjate<br>pjaçi | अस्वचालित |
| (छ)cat+s | cats | नियमित |

| | | |
|---|---|---|
| (ज)dog+s | dogz | |
| (झ)child+ren<br>(ञ)ox+ en | children<br>oxen | अनियमित |

तालिका ३. ध्वनितात्त्विक तथा रूपतात्त्विक स्थिति र सन्धिका प्रकार

माथिको तालिकाको (क) मा एउटा पदभित्र सन्धि भएकाले आन्तरिक सन्धि र (ख) मा पदबाहिर वा दुई पदका बिच सन्धि भएकाले बाह्य सन्धिका उदाहरण हुन् । तालिकाको (ग) मा व्यञ्जन ध्वनि 'क्' को अघि आउँदा 'mina' शब्दमा परिवर्तन भएको छैन भने (घ) मा स्वर ध्वनि 'a' को अघि आउँदा 'mina' शब्द परवर्ती स्वर ध्वनिका कारण स्वतः'min'मा परिवर्तित भएको छ। यसैले यो स्वचालित सन्धिको उदाहरण हो। (ङ) मा 'यदि' अर्थ बुझाउँदा't'ध्वनि र (च) मा 'कि' अर्थ बुझाउँदा'ç'ध्वनिको उच्चारण भएकाले यी उदाहरणमा ध्वनिका आधारमा स्वतः परिवर्तन नभई अर्थका आधारमा परिवर्तन भएको छ। यसैले यी उदाहरण अस्वचालित सन्धिका उदाहरण हुन्। उदाहरण (छ) मा अघोष ध्वनि't'पछि बहुवचनबोधक's'ध्वनिको संयोजन हुँदा's'नै रहेको छ भने (ज) मा चाहिँ घोष ध्वनि'g'पछि संयोजित भएको's'ध्वनि चाहिँ'z'मा परिवर्तित भएको छ। यहाँ ध्वनितात्त्विक नियमका आधारमा सन्धि भएकाले यी नियमित सन्धिका उदाहरण हुन् । उदाहरण (झ) र (ञ) मा बहुवचनबोधक'ren'र'en'को प्रयोग भएको छ। यी ध्वनिको प्रयोग कुनै नियमका आधारमा नभएकाले यी अनियमित सन्धिका उदाहरण हुन्। हकेटले उल्लेख गरेका नियममित र स्वचालित सन्धिमा एवम् अस्वचालित र अनियमित सन्धिमा निकै समानता छ।


यस्तै संस्कृतको 'भू + अन = भवन' र नेपालीको 'छाप् +आइ = छपाइ' एउटा पदका बिचमा भएकाले आन्तरिक सन्धिका उदाहरण हुन् भने 'देवी उवाच = देव्युवाच (देवीले भनिन्) र श्याम पात् + टिप्न गयो = श्याम पाट्टिप्न गयो ।' (कथ्य रूपमा मात्र) मा दुई पदका बिच सन्धि भएकाले बाह्य सन्धिका उदाहरण हुन् । संस्कृतमा बाह्य सन्धिका पर्याप्त उदाहरण पाइन्छन् । नेपालीमा चाहिँ कथ्य रूपमा केही उदाहरण मात्र उपलब्ध छन् । यस्तै संस्कृतका 'तत् +लय = तल्लय', 'वाक् +मय = वाङ्मय', नेपालीका 'उस् + ले = उल्ले', 'बग् + तै = बग्दै' पूर्ववर्ती र परवर्ती ध्वनिका कारण स्वतः परिवर्तित भएकाले स्वचालित सन्धिका उदाहरण हुन् भने 'योग्य अर्थ' बुझाउने प्रत्ययका साथ प्रयोग भएका 'क्षि + य = क्षेय' (नाश गर्न योग्य) र 'जि +य = जेय' (जित्न योग्य) र अर्थगत एकत्व सङ्केत गर्न जोडिएका 'चरो + नङ्ग्रो = चरिनङ्ग्रे', 'सानी +आमा = सानिमा' ध्वनितत्त्वका आधारमा नभई अर्थतत्त्वका आधारमा परिवर्तित भएकाले यी अस्वचालित सन्धिका उदाहरण हुन् ।

उपर्युक्त चर्चाका आधारमा के भन्न सकिन्छ भने सन्धि भनेको दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तन हो। ध्वनिमा हुने परिवर्तन ध्वनितात्त्विक र रूपतात्त्विक परिवेशमा निर्भर हुन्छ। ध्वनितात्त्विक परिवेशका आधारमा व्याख्या गर्न सकिने सन्धि स्वचालित वा नियमित सन्धि हो भने रूपतात्त्विक आधारमा परिवर्तन हुने सन्धि अनियमित वा अस्वचालित सन्धि हो। परिवर्तनका आधारमा सन्धिलाई लोप सन्धि, आगम सन्धि, आदेश सन्धि भनिन्छ ध्वनि भाषिक एकाइको संयोजन भएको छ तर ध्वनितात्त्विक परिवर्तन नभएको स्थिति चाहिँ प्रकृतिभाव वा सन्निकर्ष हो। सन्धिबाट व्युत्पन्न शब्द (छपाइ)

को निर्माण तथा पदको रूपायन (धोयो) हुने भएकाले सन्धि व्युत्पादननिष्ठ र रूपायननिष्ठ गरी दुई प्रकारको छ।

**संस्कृत सन्धि**

संस्कृतमा दुई भाषिक एकाइको संयोजन हुँदा ध्वनिहरू एकअर्काको प्रभावमा आई परिवर्तन हुने प्रक्रियालाई प्रस्तुत गर्दा जोडिने ध्वनिलाई आधार मानी चर्चा गरिएको देखिन्छ। संस्कृतमा सन्धिका निम्ति संहितालाई आवश्यक सर्तका रूपमा लिइएको छ। संहिता भनेको वर्णहरूको सन्निकट हुनु अर्थात् एउटा रूपको उच्चारणपछि लगत्तै अर्को रूप आउनु हो (*अष्टाध्यायी* १।४।१०९)। एउटा रूपको उच्चारणपछि अर्को रूपको उच्चारण गर्दा वा एउटा शब्दको उच्चारणपछि अर्को शब्दको उच्चारण गर्दा सहज रूपमा लाग्ने कालावधि कम हुन्छ। यसैलाई सन्निकर्ष पनि भनिएको छ। दुई भाषिक एकाइलाई सन्निकर्षका साथ प्रस्तुत गर्दा ध्वनिहरूमा लोप, आगम, परिवर्तन आदि प्रक्रियाहरू हुन्छन्। यस प्रक्रियालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




आरेख १. सन्धि प्रक्रियामा संहिताको भूमिका

यहाँ अध्यागमन' शब्द 'अधि-' र 'आगमन' दुई भाषिक एकाइको मेल भई बनेको छ। यी दुई रूपहरूको संयोजन हुँदा संहिताको स्थिति सिर्जित भई ध्वनितात्त्विक प्रक्रियाअन्तर्गत आदेश प्रक्रिया घटित भई 'इ' को स्थानमा 'य्' आएको छ र 'अध्यागमन' शब्द बनेको छ।

पाणिनीय व्याकरणका ध्वनिको परिवर्तनका आधारमा सन्धिको वर्गीकरण गरिएको छ। यस आधारमा स्वर ध्वनिको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तनलाई स्वर सन्धि, व्यञ्जन व्यञ्जन वा व्यञ्जन र स्वरबिच संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तनलाई व्यञ्जन र विसर्गसँग स्वर वा व्यञ्जन मिल्दा हुने विकारलाई विसर्ग सन्धि मानिएको छ। पाणिनीय व्याकरणमा सम्पूर्ण भाषिक व्यवस्थालाई सूत्रबद्ध गरिएकाले सन्धिव्यवस्थालाई पनि सूत्रबद्ध गरी प्रस्तुत गरिएको छ, जस्तै :

| क्र.सं. | संहिता | ध्वनिपरिवर्तन | सन्धिव्युत्पन्न शब्द | प्रकार |
|---|---|---|---|---|
| १. | इति + आदि | इ→य् / स्व (इको यणचि, ६।१।१७) | इत्यादि | स्वरसन्धि |
| २. | नी +अक<br>नै + अक | इ→ ऐ / स्व (अचोऽञ्णिति, ७।२।११५)<br>ऐ → आय् / स्व (एचोऽयवायावः, ६।१।७८) | नायक | स्वरसन्धि |
| ३. | सदा + एव | आ +ए→ ऐ (वृद्धिरेचि, ६।१।८८) | सदैव | स्वरसन्धि |
| ४. | रमा + ईश | आ + इ→ ए (आद्गुणः, ६।१।८७) | रमेश | स्वरसन्धि |
| ५. | प्र + ऊढ | अ + उ→ ओ (एत्येधत्यूठ्सु, ६।१।८९) | प्रौढ | स्वरसन्धि |
| ६. | विद्या + आलय | आ + आ→ आ (अकः सवर्णे दीर्घः, ६।१।१०१) | विद्यालय | स्वरसन्धि |
| ७. | सत् + चित् | त् → च् / श/चवर्ग (स्तोः श्चुना श्चुः, ८।४।४०) | सच्चित् | व्यञ्जन सन्धि |
| ८. | वाक् + ईश | क् →ग् झलां जशोऽन्ते, ८।२।३९) | वागीश | व्यञ्जन सन्धि |
| ९. | उत् ं+ नति | त् →न् /अनुनासिक (यरोऽनुनासिकेऽनुनासिको वा ८।४।४५) | उन्नति | व्यञ्जन सन्धि |
| १०. | वाक् + मय | क् →ङ् /अनुनासिक (यरोऽनुनासिकेऽनुनासिको वा ८।४।४५) | वाङ्मय | व्यञ्जन सन्धि |
| ११. | तत् + लीन | त् →ल् /ल (तोर्लि ८।४।६९) | तल्लीन | व्यञ्जन सन्धि |
| १२. | सम् + हार | म् → ं/अनुस्वार/झल् (नश्चापदान्तस्य झलि ८।३।२४) | संहार | व्यञ्जन सन्धि |
| १३. | धनुः ं टङ्कार | ः → ष् (इणः ष, ८।३।३९) | धनुष्टङ्कार | विसर्ग सन्धि |
| १४. | पुनः + च<br>पुनस् + च | ः → स् /खर् (विसर्जनीयस्य सः, ८।३।३४)<br>स् → श् /श/चवर्ग (स्तोः श्चुना श्चुः ८।४।४०) | पुनश्च | विसर्ग सन्धि |
| १५. | प्रातः + स्तुति | ः → स् /खर् (विसर्जनीयस्य सः, ८।३।३४) | प्रातस्स्तुति | विसर्ग सन्धि |
| १६. | बहिः + कृत | ः → ष(इणः ष, ८।३।३९) | बहिष्कृत | विसर्ग सन्धि |
| १७. | अमी +ईशाः | ई → ई (ईदूदेद्द्विवचनं प्रगृह्यम् , ८।३।३९) | अमी ईशाः | प्रकृतिभाव |
| १८. | आगच्छ कृष्ण ं अत्र गौश्चरति | अ → अ (प्लुतप्रगृह्या अचि नित्यम्, ६।१।१२५) | आगच्छ कृष्ण अत्र गौश्चरति | प्रकृतिभाव |
| १९ | शिवस् + वन्द्यः<br>शिवर् + वन्द्यः<br>शिव +उ वन्द्यः<br>शिवो वन्द्यः | स्→ र् (ससजुषो रुः ८।२।६६)<br>र्→ उ (हशि च ८।२।६६)<br>अ ं उ→ ओ (आद्गुणः, ६।१।८७) | शिवो वन्द्यः | स्वादि सन्धि |

तालिका नं ४ संस्कृत सन्धिका प्रकार

माथिको तालिकाको १-६ मा दुई स्वरवर्णको संयोजन हुँदा ध्वनिपरिवर्तन भएर बनेका शब्द स्वर सन्धिका उदाहरण हुन् । यस्तै दुई स्वर वर्णको संयोजन भई बनेका निम्नलिखित शब्द पनि स्वर सन्धिका उदाहरण हुन् ः

१७. देवी +उवाच →देव्युवाच, प्रति+ एक →प्रत्येक, प्रति+उपकार →प्रत्युपकार, अति+अन्त →अत्यन्त, अनु + अय →अन्वय, मातृ+ अनुमति → मात्रनुमति, देव+इन्द्र →देवेन्द्र, सूर्य+उदय →सूर्योदय, चन्द्र + उदय → चन्द्रोदय, महा +इन्द्र → महेन्द्र, रमा + ईश → रमेश, महा + उत्सव →महोत्सव, सप्त + ऋषि →सप्तर्षि, देव + ऋषि →देवर्षि, महा + ऋषि →महर्षि, हिम+आलय →हिमालय, छात्र+आवास →छात्रावास, विद्या + आलय →विद्यालय, विद्या + अर्थी → विद्यार्थी, अभि + इष्ट → अभीष्ट, अधि + ईश → अधीश, नारी + ईश्वर → नारीश्वर, भू →भो +अन → भवन, गुरु → गुरो +ए → गुरवे, गी→गै +अक → गायक, नी→नै +अक → नायक, चि→चे +अन →चयन, नी→ ने +अन → नयन, सु+आगत →स्वागत, अनु+एषण →अन्वेषण, वन+ओषधि →वनौषधि, हरे + अव →हरेऽव, विष्णो + अव → विष्णोऽव ।

माथिको तालिकाको ७-१२ मा व्यञ्जन तथा व्यञ्जन र व्यञ्जन तथा स्वर वर्णको संयोजन हुँदा ध्वनिपरिवर्तन भएर बनेका शब्द व्यञ्जन सन्धिका उदाहरण हुन् । यस्तै निम्नलिखित शब्द पनि यसै प्रक्रियाबाट बनेकाले व्यञ्जन सन्धिका उदाहरण हुन् ः

१८. निस् +छल →निश्छल, सत्+जन →सज्जन, दिक् +गज →दिग्गज, दिक् +भ्रम →दिग्भ्रम, जगत् +बन्धु →जगद्बन्धु, सत्+धर्म →सद्धर्म, जगत्+ईश →जगदीश, उत् +गम →उद्गम, उत् +हार →उद्घार, षट् +मास →षण्मास, चित्+मय →चिन्मय, सम्+हार →संहार, सम्+कल्प →सङ्कल्प, सम्+जय →सञ्जय, सम्+ताप →सन्ताप, सम्+कृति →संस्कृति, तत्लय →तल्लय, उत्+गम →उद्गम, उत्+नति →उन्नति, जगत्+नाथ →जगन्नाथ, अनु+छेद →अनुच्छेद, परि+छेद →परिच्छेद ।

माथिको तालिकाको १३-१६ मा विसर्गसँग स्वर वा व्यञ्जन वर्णको संयोजन हुँदा ध्वनिपरिवर्तन भएर बनेका शब्द विसर्ग सन्धिका उदाहरण हुन् । यस्तै निम्नलिखित शब्द पनि यसै प्रक्रियाबाट बनेकाले विसर्ग सन्धिका उदाहरण हुन् ।

१९. पुनः +गमन →पुनर्गमन, पुनः +आगमन →पुनरागमन, पुनः + उक्ति →पुनरुक्ति, बहिः + गमन →बहिर्गमन, शिरः + त्राण →शिरस्त्राण, मनः + रथ →मनोरथ, मनः + योग →मनोयोग, वयः+ वृद्ध →वयोवृद्ध, सरः + वर →सरोवर,

माथिको तालिकाको १७-१८ मा दुई स्वर वर्णको संयोजन हुँदा ध्वनिपरिवर्तन नभई यथावत् स्थिति रहेकाले यी प्रकृतिभाव सन्धिका उदाहरण हुन् । यस्तै निम्नलिखित शब्द पनि यसै प्रक्रियाबाट बनेकाले विसर्ग सन्धिका उदाहरण हुन्, जस्तै ः

२० इ + इन्द्र →इ इन्द्र, उ +उमेश→उ उमेश, हरी +एतौ →हरी एतौ, गङ्गे +अमू →गङ्गे अमू, किमु + उक्तम् →किमु उक्तम् ।

माथिको तालिकाको १९ मा 'सु' आदि विभक्त्यन्त पदसँग अन्य पदको संयोजन भई ध्वनिपरिवर्तन भएकाले यो स्वादि सन्धिको उदाहरण हो। यस्तै निम्नलिखित शब्द पनि यसै प्रक्रियाबाट बनेकाले स्वादि सन्धिका उदाहरण हुन्, जस्तै :

२१. बालकस् +अत्र →बालकोऽत्र, श्यामस् + गच्छति →श्यामो गच्छति, अहन् + अह : →अहरहः, अहन् +गणः →अहर्गणः, देवास् +इह् →देवा इह, भोस् + अच्युत →भो अच्युत।

पाणिनीय व्याकरणमा सन्धिका पाँच प्रकार रहेकाले संस्कृतमा सन्धिका प्रकारका सन्दर्भमा 'पञ्चसन्धि' शब्द प्रचलनमा रहेको हो। यी पञ्चसन्धिमध्ये स्वर सन्धि र व्यञ्जन सन्धिमा एउटै पदभित्र (गायक, तल्लय, निश्चय) सन्धि हुने आन्तरिक सन्धि र दुई पदको संयोजन भएर पदबाहिर (देव्युवाच, शिवो वन्द्यः) पनि सन्धि हुने भएकाले बाह्य सन्धि दुवै किसिमका सन्धि भेटिन्छन्। प्रकृतिभाव सन्धि र स्वादि सन्धिमा चाहिँ दुई पदका बिच मात्र सन्धि हुने भएकाले यिनमा बाह्य सन्धि (हरी एतौ, बालकोऽत्र, हरेऽव, विष्णोऽव) का उदाहरण मात्र उपलब्ध छन्। सन्धि प्रक्रियाबाट 'तल्लय', सन्ताप' जस्ता व्युत्पन्न शब्द बनेकाले संस्कृतमा व्युत्पादननिष्ठ सन्धि र 'गुरवे', र 'भानवे' पदको रूपायन भएकाले रूपायननिष्ठ सन्धि पनि छ भन्ने स्पष्ट हुन्छ।

**नेपाली सन्धि**

सैद्धान्तिक आधारमा उल्लेख गरिएअनुरूप सन्धि भाषाविशिष्ट व्यवस्था भएकाले नेपाली भाषामा पनि आफ्नै किसिमको सन्धिव्यवस्था छ तर नेपाली सन्धिको चर्चा गर्दा तत्सम शब्दको उदाहरण दिई संस्कृत सन्धिकै आधार लिइएको पाइन्छ। नेपालीकै सन्धिमा आधारित भएर तद्भव र आगन्तुक शब्दका उदारण दिई नेपाली सन्धिको व्याख्या चाहिँ गौतम (२०५४), पोखरेल (२०५५) र चौलागाई (२०५९) मा भएको छ। गौतम (२०५४) मा संरचनात्मक, अर्थतात्त्विक, कोटिगत, प्रभावगत र संयोजनगत आधारमा नेपाली सन्धिको चर्चा गरिएको छ। पोखरेल (२०५५) मा सन्धिको सैद्धान्तिक चर्चा गरी नेपालीका स्वर सन्धि र व्यञ्जन सन्धिको सोदाहरण व्याख्या गरिएको छ। चौलागाई (२०५९) मा सैद्धान्तिक आधार दिई सन्धि व्यवस्थाको विश्लेषण गरिएको छ। उपर्युक्त पूर्वाध्यनमा चर्चा भएका र हुन बाँकी रहेका उदाहरणलाई समेत आधार बनाई सन्धिप्रक्रियासँग सम्बद्ध परिवेश, ध्वपिरिवर्तन, संरचना र क्षेत्रका आधारमा नेपाली सन्धिनियमलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

२२. (– आ –)→ (– अ –) –/ स्वर

यस सूत्रका अनुसार स्वर वर्ण पर हुँदा दुई व्यञ्जन ध्वनिका बिच आएको 'आ' 'अ' मा परिवर्तित हुन्छ, जस्तै :

२३. (क) (छाप्) → (छप्) –/ आनी= (छपानी)

(ख) (तात्) → (तत्) –/ आउ= (तताउ)

(ग) (तान्) → (तन्) –/ आइ= (तनाइ)

(घ) (काट्) → (कट्) –/ आइ- = (कटाइ)

(ङ) (थाक्) → (थक्) –/ आली = (थकाली)

यी उदाहरणमा स्वरवर्ण पर भएकाले दुई व्यञ्जन ध्वनिका बिच आएको 'आ' 'अ' मा परिवर्तित भएको छ। यस्तै नेपालीका अँकाइ, मगाउ, सटनी, थकान, फँडानी, मडार, हँसालु, भगाहा, खँदिलो, मगन्ता, छँटुवा, मसोट, बझौटो, रखौटी, खगौतो, कमैया, घँसेटो, हटिया, भताहा, गँजडी शब्दहरू यस प्रक्रियाबाट बनेका हुन्।

२४. (– आ –)→ (– अ –) –/ य्

यस सूत्रका अनुसार अर्ध स्वरवर्ण (य्) पर हुँदा दुई व्यञ्जन ध्वनिका बिच आएको 'आ' 'अ' मा परिवर्तित हुन्छ, जस्तै :

२५. (क) (हाँस्) → (हँस्) –/ यौलो = (हँस्यौलो)

(ख) (माखो) → (मख्) –/ याहा= (मख्याहा)

(ग) (जाँड्) → (जँड्) –/ याहा = (जँड्याहा)

यी उदाहरणमा अर्ध स्वरवर्ण पर भएकाले दुई व्यञ्जन ध्वनिका बिच आएको 'आ' 'अ' मा परिवर्तित भएको

छ। यस्तै बँझ्याइँ, बँठ्याइँ, मख्याहा, घँस्यौटो, कँज्याइँ शब्द पनि यसै प्रक्रियाबाट बनेका हुन्।

२६. (– इ)→ (य्) –/ स्वर

यस सूत्रका अनुसार स्वरवर्ण पर हुँदा पूर्ववर्ती 'इ' ध्वनि 'य्' मा परिवर्तित हुन्छ, जस्तै :

२७. (क) (अड्इ) → (अड्य्) –/ आइ = (अड्याइ)

(ख) (उभि) → (उभ्य्) –/ आइ = (उभ्याइ)

(ग) (जिस्कि) → (जिस्क्य्) –/ आहा= (जिस्क्याहा)

यी उदाहरणमा इकारान्त शब्द भन्दा पर स्वरवर्ण भएकाले पूर्ववर्ती 'इ' ध्वनि 'य्' मा परिवर्तित भएको छ। यस्तै खियाइ, खुल्क्याइ, झुक्याइ, कर्क्याइ, चिस्याइ, टुङ्ग्याइ, टिमुर्‍याहट, ठिहिर्‍याहट, तम्स्याहट, फुर्क्याहट शब्दहरू यस पक्रियाबाट बनेका हुन्।

२८. (– उ)→ (व्) –/ स्वर

यस सूत्रका अनुसार स्वर वर्ण पर हुँदा दुई व्यञ्जन ध्वनिका बिच आएको 'उ' 'व्' मा परिवर्तित हुन्छ, जस्तै :

२९. (क) (आउ) → (आव्) –/ अत= (आवत)

(ख) (लगाउ) → (लगाव्) –/ अ = (लगाव)

(ग) (धाउ) → (अन्ती) –/ अन्ती = ( धावन्ती )

यी उदाहरणमा स्वरवर्ण पर आएकाले पूर्ववर्ती 'इ' ध्वनि 'य्' मा परिवर्तित भएको छ।

३०. उ → ओ –/ एकाक्षरी स्वर

यस सूत्रका अनुसार एकाक्षरी स्वर वर्ण पर हुँदा 'उ' ध्वनि 'ओ' मा परिवर्तित हुन्छ, जस्तै :

३१. (क) रु →रो –/ ई = रोई

(ख) रु →रो –/ ए= रोए

(ग) धु → धो –/उ = धोउ

(ख) छु → छो –/ एर = छोएर

(घ) छु → छो –/ एको = छोएको

यी उदाहरणमा एकाक्षरी उकारान्त मूल रूपपछि एकाक्षरी स्वर वर्ण आएकाले मूलको 'उ' 'ओ' मा स्थानापन्न भएको छ।

३२. आउ →अव् –/ स्वर

यस सूत्रका अनुसार आउ मूलका पछि स्वरादि अन्य अक्षर आएमा 'आउ' 'अव्' मा परिणत हुन्छ, जस्तै :

३३. (क) (गाउ) → गव् –/ ऐया = गवैया

(ख) (लाउ) → लव् –/ ऐया = लवैया

उदाहरण (क-ख) मा आउ मूलका पछि स्वरादि अक्षर आएले 'आउ' 'अव्' मा परिणत भएको छ।

३४. (इ/ई) →(Ø) –/ स्वर

यस सूत्रका अनुसार स्वरवर्णसित संयोग हुँदा इ/ई को लोप हुन्छ , जस्तैः

३५. (क) (उम्कि) → (उम्क्) –/ आइ = (उम्काइ)

(ख) (अगि) → (अग् ) –/ उवा = (अगुवा)

(ग) (भारी) → (भर्) –/ इया = (भरिया)

उदाहरण (क-ग) मा स्वरवर्णसित संयोग भएकाले इ/ई को लोप भएको छ। यस्तै बान्किलो, पनेलो शब्द यस प्रक्रियाबाट बन्दछन् ।

३६. (इ/ई) →(Ø) –/ य्

यस सूत्रका अनुसार अर्ध स्वरवर्ण (य्) सित संयोग हुँदा इ/ई को लोप हुन्छ , जस्तैः

३७. (क) (घोप्टि) → (घोप्ट्य्) –/ आइ = (घोप्ट्याइ)

(ख) (राती) → (रत्) –/ यौली = (रत्यौली)

(ग) (पग्लि) → (पग्ल्य्) –/ याइ = (पग्ल्याइ)

उदाहरण (क-ग) मा अर्ध स्वरवर्ण (य्) सित संयोग भएकाले इ/ई को लोप भएको छ। यस्तै घोप्ट्याइ, छचल्क्याइ, टिमुऱ्याइ, रित्याइ, पिल्स्याइ शब्द यस प्रक्रियाबाट बन्दछन् ।

३८. संयुक्त व्यञ्जन + अ →(Ø) –/ ई, एर, एको

यस सूत्रका अनुसार ई, एर, एको सित संयोग हुँदा संयुक्त व्यञ्जनका पछि आएको अकारको लोप हुन्छ, जस्तैः

३९. (क) (चम्क) → (चम्क्) –/ एर = (चम्केर)

(ख) (लम्क) → (लम्क्) –/ ई = (लम्की)

(ग) (चम्क) → (चम्क्) –/ एको = (चम्केको)

उदाहरण (क-ग) मा ई, एर, एको सित संयोग हुँदा संयुक्त व्यञ्जनका पछि आएको अकारको लोप भएको छ।

४०. (– ल) → (Ø) –/ स्वर

यस सूत्रका अनुसार द्विस्वरात्मक संयुक्त व्यञ्जनका रूपमा आएको ल् ध्वनियुक्त मूलसित स्वरको योग हुँदा स्वर सहित ल् को लोप हुन्छ, जस्तैः

४१. (क) (उक्ल) →[उक्]–/ आलो = (उकालो)

(ख) (ओर्ल) →[ओर्]–/ आलो = (ओरालो)

उदाहरण (क-ग) मा द्विस्वरात्मक संयुक्त व्यञ्जनका रूपमा आएको ल् ध्वनियुक्त मूलसित स्वरको योग हुँदा स्वर सहित ल् को लोप भएको छ।

४२. आउ → आ –/ स्वर

आउ मूलपछि स्वरादि प्रत्ययको योग भएमा मूलको 'उ' को लोप हुन्छ, जस्तैः

४३. (क) पाउ → पा –/ एको = पाएको

(ख) लाउ → ला –/एको = लाएको

उदाहरण (क-ख) मा आउ मूलपछि स्वरादि प्रत्ययको योग भएकाले मूलको 'उ' को लोप भएको छ।

४४. [स्व–]→[+ँ]–/ द्

यस सूत्रका अनुसार स्वरान्त मूलपछि दो, दै, दा रूपको योग भएमा अनुनासिकता [+ँ] को आगम हुन्छ, जस्तैः

४५. (क) (जा) →[+ँ]–/दो = जाँदा

(ख) (आउ) →[+ँ]–/दा = आउँदा

(ग) (कह) →[+ँ]–/दै = कहँदै

उदाहरण (क-ग) मा स्वरान्त मूलपछि दो, दै, दा रूपको योग भएकाले अनुनासिकता [+ँ] को आगम भएको छ।

४६. आ →[+ न् ]–/ छ

यस सूत्रका अनसार एकाक्षरी क्रियापछि 'छ' रूपको योग हुँदा 'न्' को आगम हुन्छ, जस्तैः

४७. (क) (– जा) →[+ न् ]–/छ = जान्छ

(ख (–रु) →[+ न् ]–/छ = रुन्छ

(ग) (–दि) →[+ न् ]–/छ = दिन्छ

उदाहरण (क-ग) मा एकाक्षरी क्रियापछि 'छ' रूपको योग भएकाले 'न्' को आगम भएको छ।

४८. [आउ–]→[+]–/छ

आउ अन्तमा हुने क्रियापछि 'छ' आएमा अनुनासिकता (ँ ) को आगम हुन्छ, जस्तै :

४९. (क) (– गाउ ) →[+ँ]–/छ = गाउँछ

(ख) (– सुताउ) →[+ँ]–/छ = सुताउँछ

यी उदाहरणमा दुई भाषिक एकाइको संयोजन हुँदा अर्को ध्वनिको आगम भएको छ।

५०. (घोष) /- (त्) → (द्) –/स्वर

यस सूत्रका अनुसार घोष ध्वनिभन्दा पर रहेको 'त्' ध्वनि 'द्' मा परिवर्तित हुन्छ, जस्तै :

(क) (गर्) /- (त्) → (द्) –/ऐ = गर्दै

(ख) (बग्) /- (त्) → (द्) –/ऐ = बग्दै

यी उदाहरणमा घोष ध्वनिभन्दा पर रहेको 'त्' ध्वनि 'द्' मा परिवर्तित भएको छ।

५१.(अघोष) /- (त्) → (त्/द्) –/स्वर

यस सूत्रका अनुसार अघोष ध्वनिभन्दा पररहेको 'त्' ध्वनि त्/द् मा परिवर्तित हुन्छ, जस्तै :

५२. (क) (साट्) /- (त्) → (त्/द्) –/ऐ = साट्तै/साट्दै

(ख) (छाप्) /- (त्) → (त्/द्) –/ऐ = छाप्तै/छाप्दै

यी उदाहरणमा अघोष ध्वनिभन्दा पररहेको 'त्' ध्वनि त/द् मा परिवर्तित भएको छ।

५३.. (त्) → (ट्) –/ट

यस सूत्रका अनुसार ट् ध्वनिभन्दा अघि रहेको 'त्' ध्वनि 'ट' मा परिवर्तित हुन्छ, जस्तै :

५४. (क) श्याम (पात्) → (पाट्) टिप्न गयो।

(ख) सीताले (पात्) → (पाट्) टिपी।

यी उदाहरणमा 'ट्' ध्वनिभन्दा अघि रहेको 'त्' ध्वनि 'ट्' मा परिवर्तित भएको छ।

नेपालीमा सङख्यावाचक शब्द, द्विरुक्त शब्द र समस्त शब्दमा विशिष्ट प्रकृतिको सन्धि नियम लागू हुन्छ, जस्तैः

५५.. (क) (एक)→ (एघ्, एक्, एक्का) = एघार, एक्काइस, एकतीस, एकचालिस, एकाउन्न, एकसठ्ठी

(ख) (दुई ) → (बा, बत्, बयु, बइ, ब, बया) = बाइस्, बत्तिस, बयालिस, बाउन्न, बइसठ्ठीबहत्तर, बयासी, बयान्नब्बे

(ग) (आफ्नो) → (आ) –/ आफ्नो = आआफ्नो

(घ) (रात) → (राता) –/ रात = राताारात

माथिका सङ्ख्यावाचक शब्दमा एक शब्द एघ्, एक्, एक्का मा परिवर्तित भएको छ भने दुई शब्द बा, बत्, बय्, बइ, ब, बया मा परिवर्तित भएको छ द्विरक्त शब्दमा 'आफ्नो' 'आ' मा र 'रात' 'राता' मा परिवर्तित भएको छ।

५६.(-आ) → (अ) –/ शब्द

यस सूत्रका अनुसार कुनै शब्दभन्दा अघि आएको 'आ' 'अ' मा परिवर्तित हुन्छ, जस्तै :

(क) (घोडा) → (घोड्) –/ चढी = (घोडचढी)

(ख) (कपडा) → (कपड्) –/ छान = .(कपडछान)

यी उदाहरण 'चढी' र 'छान' शब्दको पूर्ववर्ती 'आ' ध्वनि 'अ' मा परिवर्तित भएको छ।

५७.(-ओ) → (इ) –/ व्यञ्जनादि शब्द

यस सूत्रका अनुसार व्यञ्जनादि शब्दभन्दा अघि आएको 'आ' 'अ' मा परिवर्तित हुन्छ, जस्तै :

५८. (क) (चरो) → (चरि –/ नङ्ग्रे = (चरिनङ्ग्रे)

(क) (माखो) → (मखि) –/ बुट्टे = .(मखिबुट्टे)

यी उदाहरणमा व्यञ्जनादि शब्द नङ्ग्रे र बुट्टे भन्दा अघि आएको 'ओ' 'इ' मा परिवर्तत भएको छ।

माथिका उदाहरणमा 'आ' र 'ओ' क्रमशः 'अ' र 'इ' मा परिवर्तित भएकाले समस्त शब्दमा पनि विशिष्ट प्रकृतिको सन्धि नियम लागु हुन्छ भन्ने स्पष्ट हुन्छ।

यस्तै नेपालीमा कतिपय भाषिक एकाइको संयोजन हुँदा ध्वनि परिवर्तन नभई प्रकृति भावको स्थिति रहेको पाइन्छ, जस्तै :

५९. (क) लेख् +आइ = लेखाइ

(ख) पढ् + एर = पढेर

(ग) दि + यो = दियो

(घ) लेख् + छ = लेख्छ

उपयुर्क्त उदाहरणमा दुई भाषिक एकाइको संयोजन हुँदा ध्वनि परिवर्तन नभएकाले यी प्रकृति भावका उदाहरण हुन्।

उपर्युक्त सन्धिनियमका आधारमा प्राप्त भएको निष्कर्ष के हो भने नेपालीमा 'उस् + ले = उल्ले', 'बग् + तै = बग्दै' पूर्ववर्ती र परवर्ती ध्वनिका कारण स्वतः परिवर्तित भएकाले ध्वन्यात्मक परिवेशका आधारमा र 'चरो + नङ्ग्रो = चरिनङ्ग्रे', 'घोडी +चढी = घोडचढी' रूपतत्त्वका आधारमा परिवर्तित भएकाले रूपात्मक परिवेशका आधारमा सन्धिप्रक्रिया घटित हुन्छ भन्ने स्पष्ट हुन्छ। यस्तै दुई भाषिक एकाइको संयोजन हुँदा ध्वनिहरूको आदेश ('छाप् + आइ = छपाइ), आगम (जा + दै = जाँदै) र लोप (उक्ल + आलो = उकालो) भएको पाइन्छ भने ध्वनिपरिवर्तन नभई प्रकृति भावको स्थिति (लेख् +आइ = लेखाइ) पनि रहेको

छ। नेपालीमा एउटा पद (छाप् +आइ = छपाइ) का बिचमा सन्धि हुने भएकाले आन्तरिक सन्धिका उदाहरण पर्याप्त मात्रामा भेटिन्छन्। बाह्य सन्धि (श्याम पात् + टिप्न गयो = श्याम पाट्टिप्न गयो।) का उदाहरण भने अति थोरै मात्र भेटिन्छन्। यसैले नेपालीमा बाह्य सन्धि अत्यन्त कम मात्रामा हुन्छ। नेपालीमा सन्धिबाट व्युत्पन्न शब्द (‘छाप् + आइ = छपाइ), को निर्माण हुने भएकाले व्युत्पादननिष्ठ सन्धिका साथै पदको रूपायन (धु + यो = धोयो) हुने भएकाले रूपायननिष्ठ सन्धि पनि भेटिन्छन्।

**संस्कृत सन्धि र नेपाली सन्धिको तुलना**

सैद्धान्तिक आधारमा उल्लेख भएअनुसार सन्धि दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तन हो। कतिपय स्थितिमा दुई भाषिक एकाइको संयोजन हुँदा पनि ध्वनिपरिवर्तन हुँदैन, यस्तो स्थितिलाई प्रकृतिभाव भनिन्छ। सन्धि सबै भाषामा पाइने हुँदा सार्वभौम प्रकृतिको भए पनि भाषिक एकाइहरू सबै भाषामा समान किसिमका नहुने भएकाले यिनको संयोजनमा घटित हुने सन्धि पनि भाषाविशिष्ट व्यवस्था हो। यसैले संस्कृत र नेपाली सन्धिव्यवस्थामा समानता हुँदाहुँदै पनि पर्याप्त भिन्नता छ। संस्कृत सन्धि र नेपाली सन्धिमा भएका समानता र भिन्नता यसप्रकार छन् ः

(क) सन्धिमा ध्वनिमा परिवर्तन ल्याउने कार्यमा परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यी परिवेश ध्वन्यात्मक र रूपात्मक गरी दुई प्रकारको हुन्छ भन्ने सैद्धान्तिक आधारमा चर्चा गरिएको छ। सैद्धान्तिक आधारअन्तर्गत उल्लेख गरिएका ध्वन्यात्मक परिवेशका आधारमध्ये ‘अघिको परिवेशको नियमन प्रक्रिया’ ( $x \rightarrow y$ —— / [— z]) संस्कृत र नेपालीदुवै भाषामा पाइन्छ। संस्कृतका ‘देव्युवाच’ र ‘स्वागतम्’ तथा नेपालीका ‘ठुल्यामा’ यस प्रक्रयाबाट बनेका रूप हुन्। यिनको व्याख्या उदाहरण ४. र ५. मा गरिएको छ।
ध्वनितात्त्विक परिवेशअन्तर्गत नै ‘पछिको परिवेशको नियमन प्रक्रिया’ पनि दुवै भाषामा पाइन्छ। उदाहरण ८. मा दिइएको ‘तद्धित’ र १० मा दिइएको ‘पढ्दै’ यस प्रक्रियाबाट बनेका शब्द हुन्। ध्वनितात्त्विक परिवेशअन्तर्गत नै ‘संयुक्त परिवेशको नियमन प्रक्रिया’ चाहिँ संस्कत भाषामा मात्र लागु हुन्छ भन्ने उदाहरण १४.(क-ङ) दीपेन्द्र, रमेश, परोपकार, महोदय, सप्तर्षि उदाहरणबाट स्पष्ट भएको छ। नेपालीमा चाहिँ यसका उदाहरण नभेटिएकाले यो प्रक्रिया लागु हुँदैन भन्ने स्पष्ट हुन्छ।

(ख) रूपात्मक परिवेश चाहिँ संस्कृत र नेपाली दुवै भाषामा पाइन्छ भन्ने तथ्य १५. मा दिइएका संस्कृतका गमन, गति, गच्छन् र जिगमिषाबाट र १६. मा दिइएका नेपालीका हुन्छ, होला, भयो, हुँदै उदाहरणबाट स्पष्ट भएको छ।

(ग) नियमित/स्वचालित र अनियमित/अस्वचालित सन्धि संस्कृत र नेपाली दुवै भाषामा पाइन्छन्। संस्कृतका ‘तत् +लय = तल्लय’, ‘वाक् +मय = वाङ्मय’, नेपालीका ‘उस् + ले = उल्ले’, ‘बग् + तै = बग्दै’ पूर्ववर्ती र परवर्ती ध्वनिका कारण स्वतः परिवर्तित भएकाले स्वचालित सन्धिका उदाहरण हुन् भने ‘योग्य अर्थ’ बुझाउने प्रत्ययका साथ प्रयोग भएका ‘क्षि + य = क्षेय’(नाश गर्न योग्य) र ‘जि +य = जेय’ ( जित्न योग्य) र अर्थगत एकत्व सङ्केत गर्न जोडिएका ‘चरो + नङ्ग्रो = चरिनङ्ग्रे’, ‘सानी +आमा = सानिमा’ ध्वनितत्त्वका आधारमा नभई अर्थतत्त्वका आधारमा परिवर्तित भएकाले यी अस्वचालित सन्धिका

उदाहरण हुन्। नियमित/स्वचालित सन्धि ध्वन्यात्मक परिवेशबाट नियन्त्रित सन्धि हुन् भने अनियमित/अस्वचालित सन्धि चाहिँ रूपात्मक परिवेशबाट नियन्त्रित सन्धि हुन्।

(घ) संस्कृत र नेपाली दुवैमा सन्धिप्रक्रिया घटित हुँदा कतिपय ध्वनिको आदेश, कतिपय ध्वनिको आगम र कतिपय ध्वनिको लोप हुने गरेको पाइन्छ। उदाहरण १७-२० मा उल्लेख गरिएका 'निस् +छल →निश्छल', 'सत्+जन →सज्जन', 'दिक् +गज →दिग्गज' र 'दिक् +भ्रम →दिग्भ्रम' आदेश सन्धिका उदाहरण हुन् भने 'अनु+छेद →अनुच्छेद' र 'परि+छेद →परिच्छेद' मा ध्वनि थपिएकाले आगम सन्धिका उदाहरण हुन्। यस्तै 'हरे + अव →हरेऽव', विष्णो + अव → विष्णोऽव' मा 'अ' ध्वनिको लोप भएकाले लोप सन्धिका उदाहरण हुन् भने 'इ + इन्द्र →इ इन्द्र', 'उ +उमेश→उ उमेश', 'हरी +एतौ →हरी एतौ' मा दुई भाषिक एकाइको संयोजन हुँदा पनि ध्वनिपरिवर्तन नभएकाले यी प्रकृतिभावका उदाहरण हुन्। नेपालीमा पनि लोप, आगम, आदेश र प्रकृतिभाव चारै किसिमका सन्धि पाइन्छन्। उदाहरण ३१. मा दिइएका 'रु →रो –/ ई = रोई', 'रु →रो –/ ए= रोए', 'छु → छो –/ एर = छोएर' शब्दमा एउटा ध्वनिका स्थानमा अन्य ध्वनि प्रतिस्थापित भएकाले यी आदेश सन्धिका उदाहरण हुन् भने उदाहरण ३५. मा 'उम्कि +आइ = उम्काइ', 'अगि + उवा = अगुवा' मा इ ध्वनिको लोप भएकाले लोप सन्धिका उदाहरण हुन्। यस्तै उदाहरण ४६. का 'जा →[+ न् ]–/छ = जान्छ', 'रु [+ न् ]–/छ = रुन्छ' न् ध्वनि तथा उदाहरण ४९. मा गाउ →[+ँ]–/छ = गाउँछ', 'सुताउ →[+ँ]–/छ = सुताउँछ', मा + नासिक्य ध्वनि चन्द्रविन्दु (ँ) को आगम भएकाले यी आगम सन्धिका उदाहरण हुन्। यस्तै उदाहरण ५९. मा दिइएका 'लेख् +आइ = लेखाइ' र 'पढ् + एर = पढेर' मा दुई भाषिक एकाइको संयोजन हुँदा ध्वनिपरिवर्तन नभएकाले यी प्रकृति भावका उदाहरण हुन्। ध्वनिपरिवर्तनअन्तर्गत संस्कृत र नेपाली दुवैमा आदेश सन्धिको मात्रा बढी देखिन्छ भने त्यसपछि लोप सन्धिका उदाहरण धेरै पाइन्छन् सबैभन्दा कम उदाहरण चाहिँ आगम सन्धिका फेला पर्छन्।

(ङ) संस्कृत र नेपाली दुवैमा व्युत्पादन र रूपायननिष्ठ सन्धि पाइन्छन्। उदाहरण १७. मा दिइएका संस्कृतका नायक, रमेश, विद्यालयमा सन्धिबाट शब्दको व्युत्पादन भएकाले यी व्युत्पादननिष्ठ सन्धिका उदाहरण हुन् भने गुरवे र भानवे मा सन्धिबाट पदको रूपायन भएकाले यी रूपायननिष्ठ सन्धिका उदाहरण हुन्। यस्तै उदाहरण २५. मा दिइएका नेपालीका हँस्यौलो र जँड्याहा व्युत्पादननिष्ठ सन्धिका उदाहरण हुन् भने उदाहरण ४७ मा दिइएका जान्छ, रुन्छ र दिन्छ रूपायननिष्ठ सन्धिका उदाहरण हुन्।

(च) संस्कृत र नेपाली दुवैमा आन्तरिक सन्धिका उदाहरण पर्याप्त मात्रामा पाइए पनि बाह्य सन्धिका उदाहरण भने संस्कृतमा अत्यधिक मात्रामा पाइन्छन् भने नेपाली अत्यन्त न्यून मात्रामा मात्र उपलब्ध छन्। उदाहरण १७. मा दिइएका संस्कृतका प्रौढ, वाङ्मय, तल्लीन आन्तरिक सन्धिका उदाहरण हुन् भने हरेऽव, विष्णोऽव र उदाहरण २१. मा दिइएका बालकोऽत्र, श्यामो गच्छति, देवा इह, भो अच्युत बाह्य सन्धिका उदाहरण हुन्। यस्तै उदाहरण २९. मा दिइएका नेपालीका आवत, लगाव, धावन्ती आन्तरिक सन्धिका

उदाहरण हुन् भने 'श्याम पाट्टिप्न गयो' 'सीताले पाट्टिपी' बाह्य सन्धिका उदाहरण हुन् । संस्कृतमा बाह्य सन्धिका पर्याप्त उदाहरण पाइन्छन् । नेपालीमा चाहिँ कथ्य रूपमा केही उदाहरण मात्र उपलब्ध छन् ।

**निष्कर्ष**

सन्धि भनेको दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनितात्त्विक परिवर्तन हो । ध्वनिमा हुने परिवर्तन ध्वन्यात्मक र रूपात्मक परिवेशमा निर्भर हुन्छ । ध्वन्यात्मक परिवेशका आधारमा व्याख्या गर्न सकिने सन्धि स्वचालित वा नियमित सन्धि हो भने रूपात्मक परिवेशका आधारमा परिवर्तन हुने सन्धि अनियमित वा अस्वचालित सन्धि हो । दुई भाषिक एकाइको संयोजन हुँदा हुने ध्वनिपरिवर्तनका आधारमा सन्धिलाई लोप सन्धि, आगम सन्धि र आदेश सन्धि भनिन्छ । भाषिक एकाइको संयोजन भएको तर ध्वनितात्त्विक परिवर्तन नभएको स्थिति चाहिँ प्रकृतिभाव हो । सन्धिबाट व्युत्पन्न शब्द (छपाइ) को निर्माण तथा पदको रूपायन (धोयो) हुने भएकाले सन्धि व्युत्पादननिष्ठ र रूपायननिष्ठ गरी दुई प्रकारको छ । एउटै पदभित्र हुने सन्धि आन्तरिक सन्धि हो भने पदबाहिर वा दई पदका बिच हुने सन्धि बाह्य सन्धि हो । यसर्थ परिवेश, ध्वनिपरिवर्तन, संरचना र क्षेत्र सन्धिप्रक्रियासँग सम्बद्ध घटक हुन् । सैद्धान्तिक आधारअन्तर्गत उल्लेख भएका यी घटकका आधारमा संस्कृत र नेपाली सन्धिको तुलना गर्दा प्राप्त भएको निष्कर्ष के हो भने सन्धिप्रक्रियासँग सम्बद्ध घटक परिवेश, ध्वनिपरिवर्तन, संरचना र क्षेत्रमध्ये ध्वनिपविर्तन र संरचनाको प्रक्रियामा संस्कृत र नेपाली सन्धिमा समानता छ भने परिवेशअन्तर्गत 'अघिको परिवेशको नियमनप्रक्रिया' र 'पछिको परिवेशको नियमन प्रक्रिया' संस्कृत र नेपाली दुवै सन्धिमा उपलब्ध भए पनि 'संयुक्त परिवेशको नियमन प्रक्रिया' भने संस्कृत सन्धिमा मात्र उपलब्ध छ । यस्तै क्षेत्रका आधारमा पनि संस्कृत र नेपाली सन्धिमा अन्तर छ । क्षेत्रअन्तर्गत आन्तरिक सन्धि संस्कृत र नेपाली दुवैमा समान रूपमा उपलब्ध भए पनि बाह्य सन्धिका उदाहरण चाहिँ संस्कृतमा प्रचुर मात्रामा छन् भने नेपालीमा चाहिँ अपवादका रूपमा मात्र छन् । संस्कृतलाई जटिल र विशिष्ट भाषा बनाउनुमा बाह्य सन्धिको महत्त्वपूर्ण भूमिका छ । यसर्थ संस्कृत र नेपाली सन्धि ध्वनिपरिवर्तन र संरचनाका दृष्टिले समान छन् भने परिवेश र क्षेत्रका दृष्टिले भिन्न छन् ।

**सन्दर्भ सामग्रीसूची**

*अष्टाध्यायी सूत्रपाठ* (२०६०), व्याख्या. ईश्वरचन्द्र, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

आचार्य, शिवराज (२०३१), *नेपाली वर्णोच्चारण शिक्षा,* काठमाडौँ : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५४), 'नेपालीमा सन्धिव्यवस्था', *कुञ्जिनी,* वर्ष ५, अङ्क ३, पृ. १०९-११९ ।

................ (२०५५), 'पाणिनीय सन्धिविज्ञान', *ऋतम्भरा,* वर्ष ३, अङ्क ५, पृ. ८४-१०२ ।

चौलागाईं, प्रेमप्रसाद (२०५९), *नेपालीमा सन्धिव्यवस्था,* त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र

भट्टराई, रोहिणीप्रसाद (२०३३), *बृहद् नेपाली व्याकरण,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज (२०३६), *शब्दरचना र वर्णविन्यास : भाषावैज्ञानिक पद्धति,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

ढकाल, मतिप्रसाद (२०६९), *शब्दनिर्माणप्रक्रिया र सन्धि,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

पण्डित, हेमराज (१९६९), *चन्द्रिका, गोरखा भाषा व्याकरण,* काठमाडौँ :लेखक स्वयम् ।

पोखरेल, माधवप्रसाद (२०५७), 'नेपाली सन्धिका नियम', *प्रज्ञा,* वर्ष २९, अङ्क ८८, पृ.८४-१०२ ।

................ (२०५७), *ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनिपरिचय,* काठमाडौँ : ने.रा.प्र.प्र. ।

सिग्द्याल, सोमनाथ (१९७६), *मध्यचन्द्रिका,* काठमाडौं : साझा प्रकाशन ।

Hocket, C.F. (1970). *A Course in modern Linguistics*, (indian ed.) New delhi: Oxford &IBH publishing Co PVT. LTD .